श्री ५ को सरकार

## शिक्षा तथा संस्कृति मन्त्रालयको सूचना

श्री ५ को सरकारले नेपाल शिक्षा सेवा (समूह तथा श्रेणी विभाजन, नियुक्ति र बढुवा) नियमहरू, २०३३ को नियम ५ को उपनियम (६) ले दिएको अधिकार प्रयोग गरी सोही नियमको अनुसूची २ को क्रमसंख्या २ को खण्ड (क) को सट्टा देहायबमोजिमको खण्ड (क) राखेको छ ।

(क) एजुकेशनल एड्मिनिष्ट्रेशन, –शिक्षा शास्त्रमा स्नातक (शिक्षा प्रशासन) उपसमूह ।

द्रष्टव्यः यो शैक्षिक योग्यता लागू हुनुभन्दा अगाडि जनरल एजुकेशन समूह, एजुकेशनल एड्मिनिष्ट्रेशन (शिक्षा प्रशासन) उपसमूहमा सेवा प्रवेश गरी सकेका अधिकृतहरूलाई संशोधित शैक्षिक योग्यताले बढुवाको लागि कुनै असर पार्ने छैन ।

आज्ञाले,
रमेशजङ्ग थापा
श्री ५ को सरकारको का. मु. सचिव

श्री ५ को सरकार

## निर्माण तथा यातायात मन्त्रालयको सूचना

श्री ५ को सरकारले इञ्जिनियरिङ सेवा (समूह तथा श्रेणी विभाजन, नियुक्ति र बढुवा) नियमहरू, २०३३ को नियम ५ को उप-नियम (७) को प्रयोजनको लागि सेवा प्रवेशको निमित्त तोकिएको शैक्षिक योग्यताभन्दा माथिको सम्बन्धित उपाधि गणना गर्नुपर्दा ट्रान्सपोर्टेशन उप-समूहको लागि देहायबमोजिमको योग्यता पनि तोकेको छ ।

| उप-समूह | उपाधि | विषय |
|---|---|---|
| ट्रान्सपोर्टेशन | माष्टर्स अफ इञ्जिनियरिङ | स्वायल मेकानिक्स एण्ड फाउण्डेशन । |
| " | " " | स्टक्चरल इञ्जिनियरिङ । |
| " | " " | जियोलजी । |
| " | " " | हाइवे इञ्जिनियरिङ । |
| " | " " | ट्राफिक इञ्जिनियरिङ फर डेभलपिङ कन्ट्रिज । |

आज्ञाले,
गजेन्द्रबहादुर मूल
उप-सचिव



मुद्रण तथा प्रकाशन विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

452